# अग्रता साप्ताहिक
Agrata Weekly

**सूचना**

चितवनबाट आ.व. २०७५/०७६ मा हरेक **शनिबार** प्रकाशित भईरहेको अग्रता साप्ताहिक अब हरेक **मङ्गलबार** प्रकाशित हुने सम्पूर्ण पाठक, विज्ञापनदाता एवम् शुभेच्छुकहरूमा जानकारी गराईन्छ। -सम्पादक

सम्पर्क :
weeklyagrata@gmail.com

अग्रता Agrata Weekly साप्ताहिक

वर्ष ४ अङ्क ४ पूर्णाङ्क १२६ | चितवन जि.प्र.का.द.नं. १६८/०७२/०७३ चि.जि.हु.का.द.नं. ४/०७३/०७४ | मूल्य रु.५।- (पृष्ठ-६) | २०७६ साउन २८ गते मङ्गलबार (Aug 13, 2019)


# 'सुसाइड भिडियो' सामाजिक सञ्जालमा भाईरल




**शान्ता अधिकारी**

भरतपुर । चितवनको नारायणगढस्थित एक होटलमा झुण्डिएको अवस्थामा मृत फेला परेका पत्रकार शालिकराम पुडासैनीको 'सुसाईट भिडियो' यतिबेला सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

भिडियो सार्वजनिक भएसँगै पुडासैनीको आत्महत्या रहस्यमय बन्दै गएको छ । अनुसन्धानकै क्रममा रहेको भन्दै अहिलेसम्म परिवारलाई समेत नदेखाइएको उक्त भिडियो सञ्चारमाध्यमबाट सार्वजनिक भयो । अनुसन्धानका लागि सुरक्षित राखिएको भनिएको उक्त भिडियो सार्वजनिक भएपछि यतिबेला प्रहरी प्रशासन नै चकित भएको छ भने परिवारजन थप पिडामा परेको छ ।

उता, मृतक पुडासैनिकको परिवार भने शालिकरामको मृत्यु भएको ११ औं दिनको काजकिरिया गरिरहेको छ । मृतकको १४ औं पुण्यतिथिको काम सकेर भिडियोमा नाम आएका तिनै जना विरूद्ध दुरूत्साहन किटानी जाहेरी गर्ने तयारीमा परिवार छ । समाचार दैनिकसंगको कुराकानीमा पुडासैनीका छिमेकी गोकर्णनाथ न्यौपानेले भने–'हामी अहिले काममा छौं । शोकमा छौं । अब यो काजकिरीया सकिएपछी चितवन पुगेर तिनै जनाको नाममा किटानी जाहेरी दिन्छौ ।' 'यसअघि पत्रकार पुडासैनिको शव फेला परेको होटल सञ्चालकको नाममा किटानी दिने मनस्थिती बनाएपनि पछी कसैको नाम नराखिकन किटानी जाहेरी दिएका थियौं अब हामीसंग प्रमाण छ ।' उनले भने–'मर्नु भन्दा अगाडी कसैले गलत बोल्न सक्दैन । आफ्नो ज्यानको माया मारेको मान्छेले कसरी झुट बोल्छ ? अब हामीसंग प्रमाण भयो त्यसैलाई आधार बनाएर १४ औ दिनमा दुरूत्साहनको किटानी जाहेरी दिन्छौं ।' उनले सञ्चार माध्यममा आएको जस्तो भिडीयो आफूहरू संग नभएको र अहिलेसम्म सम्बन्धित निकायबाट पनि हेर्न नपाएको दोहोराएका छन् ।

भिडियोमा मृतक पुडासैनीले न्यू २४ टिभीमा 'सिधाकुरा जनतासंग'का प्रस्तोता रवि लामिछाने सहित तीन जनाले आफूलाई आत्महत्या गर्न बाध्य पारेको उल्लेख गरेका छन् । यसअघि चितवन प्रहरीले फेला पारेको यस भिडियो बारे समाचार आएपछी चितवन प्रहरीले विज्ञप्ती नै जारी गरेर भिडियो फेला परेको समाचार भ्रामक भन्दै समाचारको खण्डन गरेको थियो । भिडियो सार्वजनिक बारे जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर मल्लले यो भिडीयो प्रहरीसंग मात्रै रहेको र अनुसन्धानको लागि काठमाडौं पठाइएको बताए । भिडीयोको रिपोर्ट नआएको भन्दै उनले भने–'हामी संग भएको भिडीयोका आधारमा हामी अनुसन्धान गर्छौं ।' माउण्टेन टेलिभिजनमा कार्यरत पत्रकार शालिकराम पुडासैनी कामको शिलशिलामा चितवन आएका थिए ।

उनी सोमबार दिउँसो साढे ३ बजेको हाराहारीमा होटल प्रवेश गरेका थिए । होटलका कर्मचारीले साँझको खाना खान बोलाउन जाँदा उनी बसेको कोठा नम्बर २०२ नखुलेपछि प्रहरीलाई खबर गरेका थिए । राति १० बजे आएको प्रहरीले ढोका फोडेर हेर्दा उनी पंखामा झुण्डिएको अवस्थामा फेला परेको थियो । घटनाको प्रकृति हेर्दा आत्माहत्या नै भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान रहेको चितवन प्रहरी प्रमुख दानबहादुर मल्ल बताउँछन् । नुवाकोटको बेलकोटगढी नगरपालिका वडा न २ कुमरी घर भएका पत्रकार पुडासैनी हाल माउण्टेन टेलिभिजनमा कार्यरत थिए । उनले 'मिसन न्युज' कार्यक्रम चलाउँदै आएका थिए । यसअघि उनी न्यूज २४ को 'सिधा कुरा जनतासंग' कार्यक्रममा कार्यरत थिए । सार्वजनिक भिडियोमा सञ्चारकर्मी लामिछानेसहित युवराज कँडेल र अस्मिता कार्कीले आत्महत्या गर्न बाध्य पारेको मृतक पुडासैनीले उल्लेख गरेका छन् ।

मुलुकी अपराध संहिता अनुसार के हुन सक्छ कारबाही ? मुलुकी अपराध संहिताले भने यदी कसैले कसैलाई आत्महत्ष गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति गर्न गराउन नहुने उल्लेख गरेको छ । साथै, त्यस्तो अवस्था सिर्जना गराउनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना हुने उल्लेख छ ।

***पुडासैनीले आत्म हत्या गर्नुअघि के भनेका थिए ?***

*म सेक्यूरिटी अफिस चलाएर बसेको थिए । युवराज कंडेलसँग भेट भयो । उसले मलाई न्यूज २४ मा तान्न कोसिस गर्यो । जान्न भने, केही भिडियोहरु मोवाइलमा खिचेको थिए । रवि दाइ दिपक दाईले कर गरे । यत्रो विजिनेश छ, गर्दिन भने । महिनाको १ डेढलाख कमाएको थिए । धेरै प्रेसर गरेपछि गरौं न त भने । पार्ट टाईम गर्न थाले । महिनाको जम्मा १५ हजार दिए । ठिकै छ भनेर काम गर्न थाले । त्यसपछि मलाई फुल टाईम गर्नपर्छ भनेर प्रेशर गर्न थालियो । सिदार्थ बैंकमा त्यत्रो ऋण थियो । अहिले पनि छ त्यो कसरी तिर्नु होला । म पहिलानै त्यो युनिटका कारण डिप्रेसनमा पुगिसकेको थिए । त्यसपछि*

(बाँकी तेस्रो पृष्ठमा)

# पहिलो पटक सौराहामा हात्ती महोत्सव

**विचित्र पौडेल**

भरतपुर । नेपालमा नै पहिलो पटक चितवनको सौराहामा विश्व हात्ती दिवस मनाइएको छ । हात्ती र पर्यटनमैत्री सौराहाको पहिचानलाई स्थापित गर्न हात्ती मेरो साथी, हात्ती विनाको सौराहा असम्भव भन्ने नारासहित हात्तीलाई वनभोज खुवाउँदै हात्ती दिवस मनाइएको हो ।

विभिन्न संघसंस्थाद्वारा सौराहामा आयोजित कार्यक्रममा हात्तीका लागि स्याउ, केरालगायतका फलफूल, बन्दागोभी, धान, सखरलगायतका भोजनको व्यवस्था गरिएको थियो । चितवनको सौराहालाई हात्तीमैत्री शहर बनाउँदै हात्तीलाई विशेष सम्मानका साथ हेरिन्छ भनेर विश्वसामु सन्देश पुऱ्याउनु आवश्यक रहेको रत्ननगर नगरपालिकाका प्रमुख नारायण वनले बताए ।

विश्वमा ५० हजारको हाराहारीमा रहेको एशियाली हात्ती नेपालमा भने करिब पाँच सयको हाराहारीमा रहेको छ । नेपालमा करिब दुई सय ५० को हाराहारीमा घलपालुवा तथा त्यती नै संख्यामा जंगली अवस्था रहेको एशियाली हात्ती अन्य संरक्षित प्रजातिको तुलनामा संरक्षणमा चुनौति रहेको राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका अनुसन्धान अधिकृत डाक्टर बाबुराम लामिछानेले बताए ।

विश्वमा हात्तीको महत्व, संरक्षण र रक्षा गर्ने उद्धेश्यले सन् २०१२ देखि विश्व हात्ती दिवस मनाउन थालिएको हो । हात्तीको संख्या घट्दै जानुमा चोरी शिकारी र वासस्थानको विनाश मुख्य कारण मानिदै आएको छ ।

हात्ती व्यक्तिगत सम्पत्ति नभएर सबैको साझा सम्पत्ति भएकाले यसको संरक्षणमा सबै लाग्नुपर्ने मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समूहका अध्यक्ष एवम् संरक्षणकर्मी बासुदेव ढुंगाना बताउँछन् ।

विकास र वन अतिक्रमणको चपेटा, खाना एकै ठाउँमा नपाइने, पानी खाना र प्रजनन्का लागि पुर्खा हिडेको बाटो खोज्दै हिड्ने गर्दा हात्तीहरू जोखिममा परेका छन् ।

नेपालमा पछिल्लो एक दशकमा करेन्ट लागेर १० वटा, गोली लागेर २ वटा र चोरी शिकारीबाट ४ वटा हात्तीको ज्यान जानुले हात्तीको संरक्षणमा थप चुनौती थपिएको हो ।

युनाइटेड हात्ती सहकारी संस्था लिमिटेडका अध्यक्ष ऋषि तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा बाघमारा मध्यवर्ती सामुदायिक वनका अध्यक्ष जीतबहादुर तामाङ, राष्ट्रिय प्रकृति संरक्षण कोष चितवनका प्रमुख रामकुमार अर्याल, चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत ऋषि रानाभाटलगायतले मन्तव्य राखेका थिए ।

# देवघाटमा साउने महोत्सव सकियो

**अग्रता सम्वाददाता**

देवघाट । तीन जिल्लाको पवित्र तीर्थस्थल देवघाटमा सोमबार लाग्ने साउने महोत्सव सकिएको छ । सो अवसरमा हरेक सोमबार भक्तजनको उल्लासपूर्ण सहभागिता रहेको छ ।

कालीगण्डकी र त्रिशूली नदीको संगम वेणीमा स्नान गर्नाले पूण्य प्राप्त हुनुका साथै चर्म रोगसमेत निदान हुने जनविश्वासका कारण देवघाटधाममा स्नान गर्नेको भीड लाग्ने गरेको हो । चितवन, नवलपरासी र तनहुँको संमस्थलमा देवघाट पर्दछ ।

साउने महोत्सव भर्न देशका विभिन्न भागका साथै भारतबाट समेत भक्तजन आउने गरेका छन् । पहेलो बस्त्र लगाएर खाली खुट्टामै भक्तजन बोल ओम मेला भर्न आएका हुन् । साउनको हरेक सोमबार निराहार वर्त बसी बिहान सबेरै स्नान गरेर बेलपत्र तथा गंगाजल शिवमन्दिरमा चढाउनाले पूण्य आर्जन हुने जनविश्वास रहेको छ ।

धर्मशास्त्रमा साउन महिनालाई वर्षकै सबैभन्दा चोखो महिनाका रूपमा समेत लिने गरिएकाले साउनमा पूजाआजा गर्दा पूण्य मिल्ने विश्वास रहेको देवघाट क्षेत्र विकास समतिका शिवराज पौडेलले बताए । आइतबार साँझदेखि नै देवघाट आएर रातभर जाग्राम बसेर भजनकीर्तन गरेका भक्तजन सोमबार बिहानै स्नान गरी भगवान शिवलाई गंगाजल र बेलपत्र चढाएर फर्कने गर्दछन् ।

देशका विभिन्न स्थानबाट भक्तजनहरू साउन स्नानको लागि देवघाटधाम आउने भएकाले त्यहाँको शान्ति सुरक्षालाई मजबुत बनाइएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर मल्लले बताए । धार्मिक क्षेत्रमा हुनसक्ने अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्नको लागि नेपाल प्रहरी, सशस्त्र प्रहरीको साथमा सादा पोशाकका प्रहरी समेत परिचालन गरिएको मल्लले बताए ।

त्रिशूली नदीमा पानीको बहाब उच्च हुने भएका कारण देवघाट स्नान गर्न पुग्ने भक्तजनहरूलाई कुनै भवितव्य आइपरेमा गोताखोर प्रहरी समेत उद्धारको लागि परिचालन गरिएको छ ।

देवघाटको वेणी संगममा स्नानको लागि जाने झोलुंगे पुल जिर्ण भएका कारण त्यस ठाउँमा लाइन लगाएर तीर्थालुहरूलाई पुल तर्ने व्यवस्था नगरिएको देवघाट क्षेत्र विकास समितिले जनाएको छ ।

महोत्सवमा चितवन, नवलपरासी, रूपन्देही, मकवानपुर, लमजुङ, लगायत भारतका लाखौ भक्तजनहरू जल भर्ना तथा चढाउन आउन् गर्दछन् । यस्तै भारतबाट समेत खाली खुट्टामा मेला भर्न आउँछन् ।

# निकुञ्जमा वन्यजन्तु पाल्न केन्द्र

कसरा । चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तु पालनका निम्ति नमूना केन्द्र निर्माण गरिने भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले केन्द्र स्थापनाका लागि रू ८० लाख बजेट विनियोजन गरिसकेको छ ।

विभागका सूचना अधिकारी विष्णुप्रसाद श्रेष्ठका अनुसार वन्यजन्तुको अध्ययन, अनुसन्धान, प्रजनन तथा पालन गर्ने व्यवस्था हुन लागेकाले ती वन्यजन्तु वितरण र पालनका सम्बन्धमा जानकारी दिने उद्देश्यले केन्द्र निर्माण गर्न लागिएको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को २०७३ मा भएको पाँचौं संशोधनमा वन्यजन्तु पाल्न सक्ने व्यवस्था गरिएको छ । सोहीअनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३० को पाँचौं संशोधन मन्त्रिपरिषद्मा छ ।

केन्द्र स्थापना भएसँगै त्यहाँबाट तोकिएका बीउप्राणी खरीद गरेर लैजान, अध्ययन, अनुसन्धान गर्न सहज हुने श्रेष्ठले जानकारी दिनुभयो । ऐनले उल्लेख गरेका वन्यजन्तु पाल्न चाहनेले सरकारले तोकेको राजश्व तिरेर पाल्न पाउने छन् ।


# नेपालको संविधानमा महिलाका अधिकार

*नेपालको संविधानमा महिलाका अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।*

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने । लैंगिक विभेद अन्त्य गर्ने ।
- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्धी विषय माथि नागरिकताको शीर्षक अन्तर्गत उल्लेख गरे बमोजिम हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने ।महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने ।
- महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने ।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीता रहने ।
- महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने ।
- सामाजिक रुपले पछाडि परेका महिला, समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंद जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्ने ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुन:स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने ।
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने ।
- आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारी दिंदा महिलालाई समेत समावेश गरी बन्दसूची तयार गर्ने ।
- संघीय संसद र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचित हुने र मनोनीत गर्दा कम्तीमा एक जना महिला समावेश गर्नु पर्ने ।
- प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने ।
- प्रदेश सभामुखवा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा चार जना महिला सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगर सभाको गठन हुने ।
- राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्षर सदस्यहरू महिला मात्र रहने ।
- राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।
- नेपाली सेनामा महिलाको समेतका प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय
मामिला मन्त्रालय

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अग्रता Agrata Weekly साप्ताहिक

सम्पादक/प्रकाशकः शान्ता अधिकारी
कार्यालय : भरतपुर-११, बसेनी, चितवन
सम्पर्क कार्यालय :
मिडिया क्राफ्ट नेपाल, भरतपुर-१०
मोबाइल नं: ९८५१२३५३११/९८४५३६४१६५
Email : weeklyagrata@gmail.com
Web : www.chitawan.com
मुद्रकः कालिका छापाखाना, नारायणगढ

विषयभोगबाट कहिल्यै वैराग्य हुँदैन । भोगबाट तृप्ति मिल्दैन भने बिचारबाट नै वैराग्य हुन्छ । -डा. स्वामी रामानन्द गिरी

## सम्पादकीय

# अस्तव्यस्त साउने मेला

तीन जिल्लाको पवित्र तीर्थस्थल देवघाटमा सोमबार लाग्ने साउने महोत्सव सकिएको छ । कालीगण्डकी र त्रिशूली नदीको संगम वेणीमा स्नान गर्नाले पूण्य प्राप्त हुनुका साथै चर्म रोगसमेत निदान हुने जनविश्वासका कारण देवघाटधाममा स्नान गर्नेको भीड लाग्ने गर्छ । चितवन, नवलपरासी र तनहुँको संमस्थलमा देवघाट पर्दछ । साउने महोत्सव भर्न देशका विभिन्न भागका साथै भारतबाट समेत भक्तजन आउने गर्छन् । साउनको हरेक सोमबार निराहार वर्त बसी बिहान सबेरै स्नान गरेर बेलपत्र तथा गंगाजल शिवमन्दिरमा चढाउनाले पूण्य आर्जन हुने जनविश्वास रहेको छ । धर्मशास्त्रमा साउन महिनालाई वर्षकै सबैभन्दा चोखो महिनाका रूपमा समेत लिने गरिएकाले साउनमा पूजाआजा गर्दा पूण्य मिल्ने विश्वास रहेको छ । महोत्सवमा चितवन, नवलपरासी, रूपन्देही, मकवानपुर, लमजुङ, लगायत भारतका लाखौं भक्तजनहरू जल भर्ना तथा चढाउन आएका थिए । यस्तै भारतबाट समेत खाली खुट्टामा मेला भर्न आउने चलन छ । देवघाटधामको यति धेरै महत्व हुँदा पनि यसको धार्मिक प्रचार र भक्तजनहरूको व्यवस्थापनमा विगतजस्तै कामहरू अधुरा रहे । जसले देवघाट आएका भक्तजनले सुखशान्तीको स्वास फेर्न पाएनन् ।

देवघाटलाई 'देवहरूको पनि देवस्थल' भन्दै विशेष महत्वका साथ हेर्ने गरिन्छ । यसैले देवघाटको महत्वलाई अझ दर्शाउन सकियो भने यहाँ आउने भक्तजनहरूलाई वर्षैभरि देवघाटको महिमासँग जोड्न सकिन्छ । यसो भयो भने फस्टाउँदै गएको धार्मिक पर्यटनले पनि महत्व पाउनेछ । जसका लागि देवघाट एउटा पवित्र तीर्थस्थल मात्रै होइन, धार्मिक पर्यटनको क्षेत्रमा समेत महत्व बोकेको भूमि मानिनेछ । जसका लागि देवघाट क्षेत्र विकास समितिले विशेष अभियान ल्याउनुपर्ने आवश्यकता देखिएको छ ।

देवघाट क्षेत्र विकास समितिले नुहाउने स्थान, स्नान स्थलसम्म जाने साधन, बाटो लगायतको सुविधालाई अझ व्यवस्थित बनाउनु जरूरी छ । कालीगण्डकी र त्रिशुली नदी मिसिएको संगम स्थलमा नुहाउने ठाउँ सुरक्षित पार्न स्थायी संरचना बनाउन आवश्यक छ । जसले माघे संक्रान्तिमा मात्र होइन, अन्य समयमा पनि देवघाटमा आएर स्नान गर्नेहरू सुरक्षित बन्न सक्नेछन् । यसैगरी माघे संक्रान्तिमा देवघाटमा आउने भक्तजनहरूको स्वास्थ्य उपचारको व्यवस्था, सवारी साधनको पार्किङ, एकतर्फी यातायात सञ्चालन, स्वयमसेवी परिचालन लगायतमा ध्यान दिन सकियो भने भक्तजनहरूलाई सुविधा पुग्छ ।

जैविक विविधताले सम्पन्न धार्मिक, साँस्कृतिक, ऐतिहासिक पूरातात्विक र पौराणिक महत्वले गरिमामय तीर्थस्थलको रुपमा देवघाट स्थापित छ । यस भूमिको रक्षा गर्न सकियो भने भक्तजनहरू पनि सधैं खुशी रहन सक्छन् । देवघाट मेलामा आउने भक्तजनको सवारी पार्किङ गर्दा चर्को शुल्क लिने गरेको गुनासो बढ्दै गएको छ । यस अघि समितिले तोकेको शुल्क भन्दा पनि बढि लिने गरेको जानकारीमा आउँथ्यो । यसैले यस विषयमा क्षेत्र विकास समिति र स्थानीय प्रशासनको ध्यान जानु जरूरी छ ।

अग्रता साप्ताहिकमा समसामयिक विषयमा लेख, रचना पठाउनुहुन अनुरोध छ । लेख, रचना हाम्रो इमेल ठेगाना weeklyagrata@gmail.com मा पठाउन सक्नु हुनेछ । स्तरीय लेख रचनालाई स्थान दिईने छ ।
-सम्पादक

अग्रता Agrata Weekly साप्ताहिक

# पढाइले बनाओस् ठूलो होइन, असल

साधना प्रतीक्षा

एउटा साहित्यिक कार्यक्रममा एक जना प्राध्यापक भन्दै हुनुहुन्थ्यो, 'नर्सरीका बिरूवाहरुलाई अब नैतिक तथा मानवीय संस्कृतिले सिञ्चन गर्नु आवश्यक भएको छ ।' हाम्रो समाजमा दिनानुदिन नैतिक खडेरी फराकिलो हुँदै गरेको सन्दर्भमा



## महिला आवाज-साधना प्रतीक्षा

उहाँको आशय रुखका बिरूवाप्रति नभई नर्सरी कक्षा पढ्ने बालबालिकाप्रति लक्षित देखिन्थ्यो ।

हुन पनि सृष्टिको सर्वश्रेष्ठ प्राणीको ताज पहिरिएका हामीले आज मानवताका निम्नतम मूल्यहरुको हेक्का राख्नसम्म सकेका छैनौं । के गर्न हुने र के नहुनेको सीमारेखासम्म भेटिँदैन । जसले जे सक्छ, त्यही गरिरहेको छ । निरङ्कुश तन्त्रबाट उन्मुक्ति पाएर प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा हामी 'लुटतन्त्र' नै सर्वाधिक शक्तिशाली भएको अनुभव गर्न विवश छौं । त्यसैले त 'लुट्न सके लुट् कान्छा...' जस्ता गीत लोकप्रिय हुने गरेका छन् । क्षणभरका लागि रमाइलो लागे पनि कला–साहित्यमा प्रस्तुत गरिने यस्ता व्यङ्ग्यात्मक यथार्थको अर्को पाटोले हाम्रो समाज नैतिक रुपमा कति स्खलित भइरहेको छ भन्ने देखाउँछ ।

कक्षाकोठामा बाङ्देलको 'लङ्गडाको साथी' उपन्यास पढाइरहँदा, सडक–गल्लीमा घस्रेर माग्दै पेट पालिरहेको निरीह अनि विकलाङ्ग पात्रलाई स्कुले विद्यार्थीले 'भुइँभालु' भन्दै जिस्क्याउने, जाडोले कठ्याङ्ग्रिएको उसलाई हिउँका डल्लाले हिर्काएर मनोरञ्जन लिने प्रसङ्गले मेरो मनमा प्रश्न उब्जाउने गर्छ– मानवता नै पढ्न नसकेपछि के पढेछन् त हाम्रा बालबालिकाले ? मानवीय व्यवहार नै नजानेका उनीहरुको मस्तिष्कमा शिक्षा र ज्ञानको भण्डारै खन्याइदिए पनि त्यसले समाजलाई सकारात्मक गतिप्रदान गर्ला र ?

सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक, प्रशासनिक आदि सबै क्षेत्रमा नैतिकता र मानवीय संवेदनाभन्दा भ्रष्टाचार र कमिसनतन्त्रको जालो देखिन्छ । शिक्षित एवं उच्चपदस्थ व्यक्तिहरुमा जनअपेक्षाअनुरुपको नैतिक आचरणको अभाव हुनुले हाम्रो शिक्षा प्रणालीलाई नै उपहास गरिरहेको छ ।

जनताको सेवा तथा देशको विकास गर्न भनी जनमत लिएर राज्यसत्तामा पुग्नेहरु सुविधाभोगी बन्दै जानु, सत्ता र शक्तिलाई देश र जनताका लागिभन्दा आफू र आफ्ना आसेपासेको हितमा प्रयोग गर्नु अनि आफूलाई मालिक र आम नागरिकलाई रैतीका रुपमा हेर्नु हाम्रो राजनीतिक संस्कार बनेको छ । राजनीतिजस्तो सेवामुखी कर्म नाफामुखी व्यवसायमा परिणत भैरहेको छ ।

आर्थिक र प्रशासनिक क्षेत्रमा पनि नैतिकता र इमानदारीको खडेरी छ । सरकारले तोकेको समान तलब सुविधा भएका समान स्तरका कर्मचारीमध्ये कसैको आर्थिक हैसियत सगरमाथामा पुगेको देखिन्छ भने कसैको जहाँको तहीं । सेवानिवृत्त हुँदा कसैसँग निवृत्तिभरणबाहेक जीविकाको विकल्प हुँदैन भने कसैसँग पुस्तौं पुग्ने अकुत सम्पत्ति हुन्छ । नैतिक आचरण र इमानदारी नै यी दुइटै परिस्थितिका भेदक हुन् ।

व्यक्तिगत स्वार्थमा अन्धो भएको आजको मान्छेले मानवता र नैतिकता मात्र होइन, जीवनको अन्तिम सत्यलाई पनि बिर्सिरहेको छ । त्यसैले ऊ जनताको पसिनाले भरेको ढुकुटी दुरूपयोग गरेर, राष्ट्रलाई खोर्त्याएर, भावी विपत्तिको पर्वाह नगरी प्रकृतिको दोहन गरेर आफ्नै पोल्टा भरिरहेको छ । कुनै कानुनबाट ऊ डराउँदैन । अनेक प्रपञ्च रचेर आफूलाई निर्दोष साबित गर्न खोजिरहन्छ ।

उसको अन्तर्मनले आफूलाई अपराधी मानेकै हुँदैन ! त्यसैले आजको मान्छेलाई आत्मबोध र आत्मज्ञानको आवश्यकता छ । हाम्रो शिक्षाले मानिसलाई ठूलो बनाउने उद्देश्य राखेको छ, असल बनाउन खोजेको देखिँदैन । त्यसैले होला विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' उपन्यासकी मोदिआइनले बालपात्रलाई भनेकी 'नानी, ठूलो नहुनू । वीर नहुनू । असल हुनू, असल... ।' सही शिक्षा त्यही हो जसले मानिसलाई असल बनाउने क्षमता राख्छ ।

विकसित मुलुकका नागरिकहरुमा चाहिं नैतिक आचरण र मानवीय मूल्यप्रति सचेतता नै देखिन्छ । उनीहरु हरेक पेसा तथा समाज अनि राज्यका नियमको सम्मान गर्छन् । त्यहाँका उच्चपदस्थहरु हाम्राले झैं कारिन्दालाई छाता र जुत्ता बोकाउँदैनन् । उनीहरु भूतपूर्व भैसकेपछि पनि राज्यको सुविधा लिँदैनन् बरू निस्फिक्री आफ्नो पेसामा संलग्न हुन्छन् । हाम्रो शिक्षाले चाहिं केवल अर्थोपार्जनको उद्देश्य राखेको छ । जीवन निर्वाहका लागि सक्षम नागरिक बनाउने उद्देश्य आफैमा अनुचित होइन, तर नैतिक आचरण नभएको नागरिक के काम ?

नैतिकता र मानवीय मूल्य शिक्षाको अभिन्न अङ्ग हो भन्ने यथार्थ मनन गरी अब प्रारम्भिक तहमा पढ्ने बालबालिकालाई सर्वप्रथम सुसंस्कृत बनाउनेतिर लाग्नुपर्छ । उनीहरुले बुझ्ने शैलीमा, खेलकुद या कथा–प्रसङ्गका माध्यमबाट उनीहरुमा उदात्त चरित्रनिर्माणको आरम्भ गरिदिनुपर्छ ।

विद्यालयमा सिकेका कुरा र आफ्ना शिक्षकको वाणीलाई मात्र सत्य ठान्ने कलिला मस्तिष्कहरुमा नैतिक आचरण, अनुशासन अनि मानवीय मूल्यका सूत्रहरु भरिदिन नसक्ने हो भने विश्वविद्यालयका कक्षामा कवि वर्डस्वर्थको 'कवि मानवताको गुरू होइन भने केही पनि होइन' भन्ने भनाइ रटाउँदै नीतिपरक समालोचना पढाउनु वा 'स्वतन्त्रता, समानता, भ्रातृत्व' को सूत्र घोकाउँदै रूसोको मानवतावदादी चिन्तन पढाउनु अथवा देवकोटाको 'भिखारी' वा लेखनाथको 'तरूण–तपसी' पढाउनुको के औचित्य ?

त्यसैले समाजमा विद्यमान विकृति–विसङ्गतिको न्यूनीकरणका लागि प्रौढ पुस्तामा होइन, बाल पुस्तामै नैतिक र मानवीय मूल्य आरोपित गरिनुपर्छ । यसका लागि राज्यको शैक्षिक निकाय तथा सम्बद्ध पक्ष गम्भीर बन्नुपर्ने आवश्यकता देखिन्छ ।

कान्तिपुरबाट साभार

# रंगशाला बनाउन एक लाख सहयोग

अग्रता सम्वाददाता

भरतपुर । गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि उद्योग वाणिज्य संघ माडीले एक लाख ११ हजार १११ रूपैंयाँ सहयोग गर्नेभएको छ ।

माडीको बसन्तपुरमा सञ्चालित एक कार्यक्रममा उद्योग वाणिज्य संघ माडीका अध्यक्ष रेशमलाल आचार्य (तुलसी)ले सो घोषणा गरेका हुन् । माडी नगरपालिकाद्वारा माडीको बसन्तपुरमा आयोजित रंगशाला निर्माण सहयोगसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रममा धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेल धुर्मुसको विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रममा माडीका नगरप्रमुख ठाकुरप्रसाद ढकाल, उपप्रमुख ताराकुमारी काजी महतोसँगै जिल्ला समन्वय समिति चितवन, उद्योग वाणिज्य संघ माडी र माडीका विभिन्न निकाय एवम् संघसंस्थाहरूका पदाधिकारी एवम् प्रतिनिधीहरूको सहभागिता रहेको थियो । यसैगरी, आजको कार्यक्रममा माडी नगरपालिका नगरप्रमुख ठाकुरप्रसाद ढकालको संयोजकत्वमा माडीमा पनि क्रिकेट रंगशाला सहयोग समिति गठन गरिएको छ । कार्यक्रममा नगरप्रमुख ढकालले आफ्नो तलबको आधा महिनाको तलब र धर्मपत्नी गंगा ढकाल को तर्फबाट ५ हजार सहयोग गर्ने घोषणाा समेत गरे ।

# तिज भड्किलो नबनाउन आग्रह

अग्रता सम्वाददाता

गैंडाकोट । हिन्दू नारीहरूको महान् पर्व हरितालिका तीज पछिल्लो समय भड्किलो बनेको भन्दै यहाँका महिलाहरूले विरोध गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गैंडाकोट नगर कमिटि निकटका महिलाहरूले तीजनमा हुने भड्किलो प्रवृत्तिलाई रोक्न माग गर्दै गैंडाकोट नगरपालिका प्रमुख छत्रराज पौडेललाई ज्ञापन पत्र बुझाएका छन् । भेटघाट, मनोरञ्जन र गीत मार्फत नारी मनका कथा व्यथालाई रमाइलो पाराले प्रस्तुत गर्ने परम्परा भएपनि पछिल्लो समय एक महिना अगाडिदेखि पार्टी प्यालेसमा गएर दर खाने प्रचलन बढेको भन्दै ज्ञापन पत्र मार्फत विरोध गरिएको छ ।

तीजका नाममा गरगहना प्रदर्शन गर्ने, अनावश्यक खर्च गर्ने साथै सांस्कृतिक कार्यक्रमका नाममा विभिन्न खालका विकृतिजन्य क्रियाकलापहरू भइरहेकाले विरोध गरिएको महिलाहरूको भनाइ छ । तीजका नाममा भित्रिएको विकृति रोक्दै पूर्वीय संस्कृतिको संरक्षणगरि सरल तरिकाले महिलाहरूको व्यथा, वेदना र समाजमा भएका घटनाहरूलाई समेट्दै मौलिक रूपमा तीज मनाउने वातावरण सिर्जना अपील गरिएको छ ।

गैंडाकोट नगरपालिका प्रमुख छत्रराज पौडेलले आइतबार ज्ञापन पत्र बुझ्दै गैंडाकोट नगरपालिका भित्र रवाफिलो तरिकाले तीज मनाउन नदिने बताए । तीज पर्वलाई मर्यादित बनाउनका लागि स्थानीय प्रहरी, टोल विकास संस्था, वडा कार्यालय सबैलाई आग्रह गरिने पौडेलको भनाइ थियो ।

# नेवा राष्ट्रिय दबू पत्रकारको अधिवशन

अग्रता सम्वाददाता

नारायणगढ । नेवा पत्रकार राष्ट्रिय दबू चितवन शाखाको प्रथम साधारणसभा तथा अधिवेशन नारायणगढमा सम्पन्न भएको छ ।

आइतबार भएको साधारणसभा उद्घाटनका क्रममा पत्रकारहरू व्यवसायिक हुनुपर्नेमा जोड दिइएको छ । सिमित जातजाति र समुदायको भन्दा पनि समग्र समाजको प्रतिनिधित्व गर्ने गरि कलम चलाउनुपर्नेमा वक्ताहरूले जोड दिएका छन् । समाज रूपान्तरण हुनेगरि समाचार लेख्न सकेको अवस्थामा सबैका लागि लाभदायक हुने वक्ताहरूको भनाइ थियो ।

सो कार्यक्रममा नेवा पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण श्रेष्ठले आफ्नो भाषा, धर्म, संस्कृति तथा समुदायको संरक्षणका साथै समाजका विकृति, विसंगति र कूरितीका विरूद्धका कलम चलाउनु आजको आवश्यकता भएको बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष राधेश्याम खतिवडाले जातीय सहित समाज परिवर्तनका लागि कलम चलाउनु आवश्यक रहेको बताए । पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न समयमा कार्यशाला गरिनुपर्ने उल्लेख गर्दै पत्रकार अध्ययनशील हुनुपर्नेमा खतिवडाले जोड दिए ।

सो कार्यक्रममा नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य सिर्जना अर्याल, नेवा पत्रकार दबूका केन्द्रीय सदस्य उत्तम श्रेष्ठ, नेवा पत्रकार दबूका केन्द्रीय सदस्य सन्दिप श्रेष्ठ, प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकाल, आदिवासी जनजाति पत्रकार महासंघ फोनिज ३ नम्बर प्रदेश सदस्य राजेश रूम्बालगायतले मन्तव्य राखेका थिए । नेवा पत्रकार राष्ट्रिय दबू चितवन कार्यवाहक अध्यक्ष कमलमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष दिनेश श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए ।

# देवघाटको गाउँसभा सम्पन्न

अग्रता सम्वाददाता

तनहुँ । तनहूँको देवघाट गाउँपालिकाको चौथो गाउँसभाले चालु आर्थिक वर्षका लागि ३२ करोड ५५ लाख ३९ हजार रूपैयाँ बराबरको बजेट स्वीकृत गरेको छ । गाउँसभामा प्रस्तुत भएको बजेटलाई स्वीकृत गर्दै गाउँपालिकाले बुधबार आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको हो । देवघाट गाउँपालिकाले सबैभन्दा बढी बजेट भौतिक संरचना तथा पूर्वाधार निर्माणका लागि छुट्याएको छ ।

बजेट सार्वजनिकीकरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष विमला थापाले पूर्वाधारका लागि चार करोड तथा शिक्षाका लागि एक करोड रूपैयाँ बजेट विनियोजन गरेको जानकारी दिइन् । पूर्वाधार विकास अन्तर्गत सडक सञ्जाल विस्तारलाई प्राथमिकता दिइने थापाको भनाइ छ । देवघाट गाउँपालिका धार्मिक पर्यटनका लागि आकर्षणको केन्द्र भएकाले यसका लागि समेत बजेटमा व्यवस्था गरिएको थापाले बताइन् ।

बुधबार देवघाटमा भएको कार्यक्रममा तनहूँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ र देवघाट गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापाले चालु आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेका हुन् । स्वीकृत बजेट अनुसार संघीय सरकारबाट २० करोड १७ लाख रूपैयाँ, प्रदेश सरकारबाट दुई करोड ७१ लाख रूपैयाँ र स्थानीय स्रोत परिचालनबाट नौ करोड ६७ लाख रूपैयाँ प्राप्त हुने जनाइएको छ ।

देवघाट गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा तनहूँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ प्रमुख अतिथि रहेका थिए । सांसद श्रेष्ठले देवघाट क्षेत्रको समस्याको बारेमा आफू जानकार रहेको उल्लेख गर्दै ती समस्याहरू समाधान गर्न प्रयत्नशील रहेको बताए ।



# क्यान्सरबाट बचौं र बचाऔं

क्यान्सर रोग लागेमा शरीरमा भएको कोषहरु असामान्य र अनियन्त्रित रुपले बृद्धि भएर अन्य भागमा पनि सर्दछ । क्यान्सर एक जटील रोग भएता पनि ४० प्रतिशत रोकथाम गर्न सकिने, एक तिहाई क्यान्सर समयमा उपचार गरी निको पार्न सकिने र बाँकीलाई पनि उचित उपचारबाट आयु लब्याउन सकिन्छ ।

त्यसैले निम्न चिन्ह र लक्षणहरु देखिएमा क्यान्सर पनि हुन सक्ने भएकोले नजिकको स्वास्थ्य संस्था वा क्यान्सर अस्पतालमा परीक्षण गराउनु पर्दछ:

- ❑ लामो समयसम्म खोकी निको नहुनु, खकारमा रगत देखा पर्नु ।
- ❑ खाना निल्न गाऱ्हो हुनु, स्वर परिवर्तन वा धोद्रो हुनु ।
- ❑ लामो समयसम्म कब्जियत हुनु, पातलो दिसा हुनु, दिसामा रगत देखापर्नु ।
- ❑ महिलाहरुमा महिनावारी नभएको बेलामा रगत देखिनु वा सहवास गर्दा रगत देखा पर्नु ।
- ❑ स्तनमा गाँठागुँठीहरु देखिनु, मुन्टोबाट रगत मिसिएको दूध आउनु ।
- ❑ शरीरमा गिर्खा, गाँठागुँठी देखिनु ।
- ❑ शरीरमा भएका कोठी र मुसाहरुको रंग बदलिनु वा आकार परिवर्तन हुनु ।
- ❑ छोटो समयमै शरीरको वजन घट्नु, रक्त अल्पता देखिनु ज्वरो आइरहनु ।
- ❑ धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिंगटा लाग्नु, आँखा धमिलो देखिनु वा कम्पन (मृगी) आउनु ।

**निम्न उपाय अपनाएमा क्यान्सर रोगबाट बच्न सकिन्छ :**

- ❑ चुरोट, बिडी, खैनी, सूर्ती, जाँड रक्सीको सेवन नगर्ने ।
- ❑ अखाद्य रंग, रासायनिक मल, किटनासक औषधि प्रयोग गरिएका खानेकुराहरु नखाने ।
- ❑ चिल्लो बोसोयुक्त खानेकुराहरु र धेरै नून नखाने ।
- ❑ बासी, सडेगलेको, ढुसी परेको खानाहरु र पोलेर डढेको मासुहरु नखाने ।
- ❑ मौसम अनुसारको हरियो सागपात, तरकारी र फलफूल दिनहुँ खाने ।
- ❑ धुलो, धुँवा, तथा वातावरणीय प्रदुषणबाट जोगिने ।
- ❑ महिलाहरुले नियमित रुपले गर्भासय स्रावको परीक्षण गर्ने ।
- ❑ स्तनमा गिर्खा, गाँठागुँठी छ छैन प्रत्येक महिना राम्ररी छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिने।
- ❑ आफ्नो गुप्ताङ्ग नियमितरुपले सफा राख्ने ।
- ❑ दिनहुँ शारीरिक व्यायाम गर्ने, अनावश्यक मोटापन घटाउने ।

**बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल**
क्यान्सर रोकथाम, नियन्त्रण तथा अनुसन्धान विभाग
भरतपुर, चितवन, नेपाल

## तपाईंको यो साता – ज्यो. पं. हरिशरण उपाध्याय
(२०७६ साउन २८ गतेदेखि भदौ ३ गतेसम्म)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । सहयोगी हातहरु अघि बढ्नेछन् । पारिवारिक सद्भाव बढ्नेछ ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
रमणीय र सुखद यात्राको योग छ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरुमा प्रगति हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
काम गर्ने जाँगर बढ्नुका साथै मनमा भएको चिन्ता हटेर जानेछ । आकस्मिक धन लाभ हुनेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । प्रेममा मनमुटाव आउला । बोलीको विपरीत अर्थ लाग्न सक्नेछ । प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । ठुला व्यक्तिले तपाइँका मेहनतको प्रसंसा गर्नेछन् ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
गरेको काममा ढिलासुस्ती हुनेछ । दबाब र तनाव बढेको महसुस हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला । पारिवारिक समस्या आइपर्ला ।

**तुला (रा, रि, रू, रे, रो, ता, ति, तु, ते)**
मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ । स्वादिष्ट भोजन पाईनेछ ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
रमणीय र सुखद यात्राको योग छ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । तिर्थाटनको योगछ ।

**मकर (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि)**
लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता वढ्नेछ । ताके अनुरुप काम नबन्नाले दिक्क लाग्नेछ । झुटा आरोप आईपर्दा समस्या खेप्नुपर्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)** साता राम्रो छ । सन्तानको योग छ । शुरूमा स्वास्थ्यमा जटिल समस्या देखिएपनि साताको अन्ततिर समाधान भएर जानेछ ।

यस साप्ताहिकमा आफ्ना लेख, रचना तथा विभिन्न खोजमुलक सामाग्री प्रकाशन गर्नु परेमा सम्पर्क गर्नुहोस् । –सम्पादक
अग्रता साप्ताहिक, weeklyagrata@gmail.com

## समाचार

# विद्यालयमा नर्स सेवा सुरू गर्ने सरकारको तयारी

**अग्रता सम्वाददाता**

भरतपुर । प्रदेश नम्बर ३ का सामाजिक विकास मन्त्री युवराज दुलालले प्रदेश भित्रका सबै विद्यालयमा विद्यालय नर्ससेवा सुरू गरिने बताएका छन् ।

चितवनमा नेत्र ज्योति संघको प्रदेश नम्बर ३ को प्रथम अधिवेसनमा सम्बोधन गर्दै मन्त्री दुलालले नागरिकको स्वस्थ जिवनशैली बनाउन विद्यालयमै नर्सिङ सेवा सुरू गरिने बताए ।

स्वस्थ जिवनशैली बनाउन , पौष्टिक आहार सम्बन्धि ज्ञान दिन र सरसफाईयुक्त समाज निर्माण गर्न विद्यालय नर्श कार्यक्रम सुरू गरिएको उनले बताए ।

केहि विद्यालयमा अहिले सुरू गरिएको कार्यक्रम प्रदेशको सबै विद्यालयमा सुरू गर्ने सरकारको तयारी रहेको छ ।

स्वस्थ नागरिक बिना राज्यको संबृद्धि र विकासको कल्पना गर्न नसकिने भन्दै मन्त्री दुलालले स्वस्थ मानव पूजी निर्माण गर्न सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिक रूपमा हेरिरहेको मन्त्री दुलालले बताए । उनले आधारभूत स्वास्थ्यलाई निशुल्क बनाइएको र क्रमश स्वास्थ्य क्षेत्रलाई निशुल्क बनाउने भन्दै स्वास्थ्य क्षेत्रमा सबै नागरिकको समान पहुँच स्थापना गर्न सरकार लागिरहेको दावी गरे ।

यसैबीच, नेपाल नेत्रज्योति संघको प्रदेश नम्बर ३ को नेतृत्वमा ऋषिराम पौडेल आएका छन् । संघको शनिबार चितवनमा भएको प्रथम अधिवेशनमा पौडेल निर्विरोध अध्यक्षमा निर्वाचित भएका हुन् । साथै कार्यसमितिका अन्य आठ जना सदस्य पनि निर्विरोध निर्वाचित भएका छन् । संघको महिला सदस्यमा मिरा रिमाल र मुक्तिकला लामिछाने निर्विरोध निर्वाचित भएकी छन् ।

त्यस्तै सदस्यहरूमा प्राडा साधाना प्रधानाङ्ग कायस्थ, प्रमोद कुमार श्रेष्ठ, उत्तमलाल चुके, विमल कुमार पौड्याल, नवराज छत्कुली र नवराज तिमिल्सीना निर्वाचित भएका छन् ।

एक सभापति सहित आठ जना सदस्यको लागि भएको अधिवेशनमा सभापति पदमा एक जना र सदस्यमा आठ जनाको मात्रै उम्मेद्वारी परेकाले सबै निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत भरत बहादुर चन्दले जानकारी दिए । निर्वाचित सबैलाई शनिबारनै प्रमाणपत्र वितरण गरिएको थियो ।

# जखडी माईको संरक्षण जरूरी

**अग्रता सम्वाददाता**

भरतपुर। धार्मिक एवंम ऐतिहासिक महत्व बोकेको जखडी माई मन्दीरको संरक्षण र सम्बर्धन गर्न सबै लाग्नु पर्ने प्रदेश नम्बर ३ का सासंद विजय सुवेदीले बताएका छन् ।

शनिबार भएको मन्दिर व्यवस्थापन समितिको दोस्रो साधारण सभा एवं अधिवेसनलाई सम्बोधन गर्दै सासंद सुवेदीले वि स २०१४ सालमा गणेस्थानमा मुक्तिको स्थापना संगै यो स्थानको पनि पहिचान भएको भन्दै गणेस्थान संगै यस मन्दिरको प्रचार प्रसार हुदै जाने बताए ।

कंक्रिटबाट बनेको संरचना भन्दा यसको पुरानो संरचनालाई नविगारीकन प्राकृतिक छटामा परिवर्तन गर्दै धार्मिक पर्यटक आउने वातावरण बनाउन तर्फ सबै लाग्नु पर्ने सुवेदीले बताए ।

यस क्षेत्रको बिकास पाटी पौवा धर्मशालाको निर्माणले मात्रै हुन्छ भन्ने सोच बदल्न आग्रह गदै सुवेदीले अब जंगललाई प्राकृतिक रुपमा नै छोडेर व्वस्थीत गर्नतर्फ लाग्नुपर्ने बताए ।

भरतपुर महानगरपालिका वडा नम्बर ११ को जखडी माई टोलमा रहेको यस मन्दिरको संरक्षणमा र सर्म्बदनमा कसैको पनि ध्यान पुग्न नसकेको सहभागिहरूले बताएका छन् । रंगहरूको पर्व होलिमा रातभर मन्दिरमा जाग्रम बसेर दियो बाल्ने र भोलीपल्ट होली खेल्ने परम्परा रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठले बताए।

यस अगाडी मन्दिर संरक्षणका लागि महानरगपालिका बाट हुदै आएको अिर्थक सहयोग अहिले आएर कटौति भएको भन्दै अध्यक्ष श्रेष्ठले धार्मिक महत्व बोकेको यस मिन्दरको प्रचार प्रसार र संरक्षणका लागि सो रकम विनियोजन गर्न आग्रह गरे ।

त्यसैगरी नवजागृती सामुदायिक वनका अध्यक्ष पुस्तक गौतमले राम्रोसँग व्यवस्था गरेर अगाडी बढ्न आग्रह गदै साना साना रूख बिरूवाहरूको पनि संरक्षण गर्नुपर्नेबताए ।

साथै अधिवेसनले हरि पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

# दूधको मूल्य बढाउन व्यवसायीको छलफल

**रश्मिता पोखरेल**

भरतपुर । दूधको मूल्य बढाउनुपर्ने विषयमा चितवनका दुग्ध किसानहरूले सरोकारवाला मन्त्रालयसँग छलफल गरेका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणि खनालले किसानको दूधको मूल्य बढाउने उद्घोष गरेसँगै मन्त्रालयका सहसचिव निर्मलले शनिबार भरतपुरमा किसानसँग छलफल गरेका हुन् ।

छलफलका क्रममा किसानहरूले दूधको बजार सुरक्षित हुनुपर्नेमा जोड दिए । नेपाललाई आवश्यक पर्ने दूध चितवन जिल्लाले नै उत्पादन गर्न सक्ने बताउँदै दुग्ध उत्पादक सहकारी संघ चितवनका सचिव किशोर बगालेले किसानलाई करमुक्त गर्नुपर्ने बताए । सरकारले दुग्ध किसानसँग कर लिने भए अनुदान समेत नदिन भन्दै बगालेले आफूहरूले अनुदान नलिए पनि बरू कर तिर्ने बताए। सो कार्यक्रममा दुग्ध उत्पादक सहकारी संघका कन्द्रीय सदस्य भागीरथ तिमल्सीनाले किसानलाई अनुदान दिएर किसानहरूको संरक्षण गरेर लैजानुपर्ने बताए । सरकारले किसानको संरक्षण नगरेको अवस्थामा किसानहरू पेसाबाट नै पलायन हुनुपर्ने अवस्थाको सिर्जना हुने तिमल्सीनाको भनाइ छ ।

छलफलका क्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डाक्टर विमलकुमार निर्मलले किसानहरूको मागको सम्बन्धमा मन्त्रालय सकारात्मक रहेको भएपनि प्रकृया पुरा गर्न आग्रह गरे। प्रकृया पुरा नगरि दूधको मूल्य वृद्धि गर्दा निर्णयबाट पछि हट्नुपर्ने अवस्थाको सिर्जना हुने भन्दै राष्ट्रिय दुग्ध विकास बोर्डले नीति बनाएर प्रकृया पुरा गर्नुपर्ने बताए । पछिल्लो समय नेपाल दूधमा आत्मनिर्भर हुँदै गरेको अवस्थामा केही व्यापारीहरूले भारतबाट पाउडर दूध ल्याउनका लागि मन्त्रालयमा लभिङ गरिरहेको निर्मलको भनाइ छ ।

कार्यक्रममा चितवन दुग्ध उत्पादक सहाकारी संघका अध्यक्ष रत्नमणि न्यौपानेले दुग्ध किसानहरूले पाउँदै आएको विद्युत महशुलको अनुदान कटौती भएको भन्दै मन्त्रालयको ध्यानाकर्षण गराएका थिए। विदेशबाट दूध आयात गर्ने तयारी भइरहेको भन्दै यसले नेपाली किसानलाई पलायन बनाउने न्यौपानेको भनाइ थियो । किसानको मागप्रति सरकार संवेदनशील नभए किसानहरू आन्दोलनलमा उत्रिने न्यौपानेको भनाइ छ ।

नेपालमा वार्षिक १० प्रतिशत दूधको उत्पादन वृद्धि भइरहेको भएपनि केही व्यक्तिहरू दूध नपुगेको भन्दै आयात गर्न प्रयास भइरहेको छ । दूधको मूल्य हरेक तीन तीन वर्षमा समायोजन गर्नुपर्ने सरकारको नीति भएपनि कार्यान्वयन नभएको किसानहरूले गुनासो गरेका छन् ।

# सुसाईड...


*मैले अफिस छोडें । म गलत थिईन । अफिस छोड्ने बेला रवि दाई र दिपक दाईले बोलाउथे । मलाइ कति दुख दिए । दिपक दाईले पाट्ट पिट्ट गर्थे कतिपटक मलाई लुगामा समाएर तान्थे, घोक्राउथे, दुनियाथरी भन्थे । जनतासँग सिधाकुराको दम्भ यति थियो, कतिलाइ विना कारण दोष लगाएर न्यूज बनाउने । मलाईपनि त्यसै गर भनियो । जो संग रिस उठेको छ त्यसैलाई सिध्याउँथे । व्यक्तिगत रिसिवी टिभिमा ल्याएर देखाउथे । मलाई पनि त्यसै गर भनियो । जोसँग रिस उठ्यो त्यसैलाई सिध्याउने । पछि हुँदै गएपछि स्यालरी बढाउछु भने । मेरो जम्मा १८ हजार पुर्याए । वैंकको किस्ता १८ हजार ५ सय हाल्नु पर्ने थियो । अनि कहाँबाट ल्याएर हाल्ने ? दिन रात काममा घोटिनुपर्ने । अनि म त्यहाँ टिक्नै नसक्ने हुन थाले । त्यसपछि जहिल्यै टर्चर गर्न थाले । ऋण गरेर किस्ता हाल्न थालें। जसोतसो मैले तलव बढाउन धेरै भने । तर अत्याधिक टर्चर हुन थाल्यो । रवि दाईले यति काम लगाउथे । तर तलव कहिल्यै बढाएनन् । अती दुख गरें । थोत्रो बाईक दिएको थियो । महिनाको ४,५ हजार खर्च हुन्थ्यो । लास्ट दुई महिना साढे १९ हजार भयो । कोठाको भाडा, मैले पेट पाल्नुपर्ने, बाईक खर्च हुन्थ्यो । नछोड नछोड, छोडिस भने तलाई सिध्याईदिन्छौं भने । मलाई त्यहाँ काम गर्ने क्याविन थिएन । कम्प्युटर थिएन । युवराजको कम्प्युटरमा लक लगाईदिन्थ्यो । माथि गएर काम गर्थे । त्यसपछि म छोड्ने निर्णयमा पुगें । तर युवराज र दिपक दाईले नछोड बरू अष्ट्रेलिया पठाईदिन्छु भने । एउटा केटी मिलाई दिन्छु भनें । युवराजले अस्मिला कार्की भन्ने जोडाईदियो । अनि हामी नजिकिन थाल्यौं । सवै कुरा हुन थाल्यो । उसले हरेक सानो काम पनि मलाई लगाउथी । त्यपछि उसले मलाई हेप्न थाली । त त र म म गरि खाते भन्न थाली । त्यसपछि म मउन्टेन टिभीमा जोडिए । त्यसपछि युवराजले तं फसिस भने । ठिकै छ भने । उनिहरूले युवराज र रवि दाई मिलेर मलाई फसाउने प्लान बनाएका रहेछन् । मलाई फसाउदैछन् भन्ने सवैतिरबाट थाहा पाए । सवै साथीहरूले सालिक तपाई फसाउदैछन् भने । तयसपछि मैले यो डिसिजन लिए । मलाई माफ गर संझना । करोडौंको सम्पत्ती छ मैले जोडे...तर...म रातभरी रातभरी .. तर रवि लामिछाने... दुनियालाई थर्काएको छ । मलाई भनिस् भने मारिदिन्छु भन्थ्यो । तर याद गर तिमिलाई एक दिन पोल्छ । तिमिजस्तो भ्रष्ट अरूको प्रगति देख्न नसक्ने । रविका अन्धभक्तहरूले ठिक छ भन्लान । रवि आफु पैसा लिदैन । उसले वेलकम एडभर्टाईजिङ मिडिया मार्फत लिन्छ ।*

*करोडौं असुलेका छौं रवि तिमिले । तिमिलाई नेपालको कानून अनुसार कारबाही होस। मलाई मर्न बाध्य पार्ने तिमि हौं । अस्मिता कार्कि, अहिले विपि स्मृती अस्पतालमा काम गर्छे । रवि, युवराज कडेंल हो मलाई मार्न बाध्य पार्ने । दिपक दाईको दोष छैन । उनिहरूलाई नेपालमा कानून बन्यो भने फाँसि दिए हुन्थ्यो ।*

यस साप्ताहिकमा आफ्ना लेख, रचना तथा विभिन्न खोजमुलक सामाग्री प्रकाशन गर्नु परेमा सम्पर्क गर्नुहोस् । –सम्पादक
अग्रता साप्ताहिक, weeklyagrata@gmail.com

## कला/मनोरञ्जन

# बुद्धिसागरको स्मृति आलेखमाथि फिल्म बन्ने




चर्चित उपन्यास 'कर्णाली ब्लुज' का लेखक बुद्धिसागर अब आफूलाई स्क्रिप्ट राइटरको रूपमा पनि चिनाउँदैछन् । गएको करीब एक वर्षदेखि उनी फिल्मको स्क्रिप्टमा काम गरिरहेका छन् । १० लाख पारिश्रमिक बुझ्रेर उनले फिल्मको पटकथा लेखिरहेको स्रोत बताउँछ । फिल्मको नाम 'बर्मजंगको भिडियो' जुराइएको छ ।

यो फिल्मको निर्माण लागत ४ करोडमाथि हुने निर्माता अर्जुन कुमार बताउँछन् । उनी अहिले आफ्नो हिट फिल्म 'चपली हाइप' को तेस्रो सिरिजको तयारीमा छन् । यो फिल्मको छायांकन पूरा भएपछि 'बर्मजंगको भिडियो' निर्माण गर्ने उनको भनाई छ । फिल्मलाई मौलिक कथामा फिल्म बनाउन माहिर मानिने रामबाबु गुरूङले निर्देशन गर्दैछन् ।

अहिले उनी फिल्म 'कबडी कबडी कबडी' मा व्यस्त छन् । यो फिल्म प्रदर्शनमा आएपछि उक्त फिल्म सुरू गर्ने सोचमा उनी छन् ।

फिल्मले ३० वर्ष अगाडिको परिवेशको कथा वाचन गर्ने बताइएको छ । केही दिनमा फिल्मका लागि प्रमुख कलाकारको छनोट गरिने निर्देशक रामबाबुले बताए । फिल्ममा चलेका कलाकारको अभिनय रहनेछ ।

उपन्यासकार बुद्धिसागरले आफ्नै स्मृति आलेख 'बर्मजंगको भिडियो' माथि पटकथा लेखिरहेका हुन् । फिल्मको छायांकन डोल्पामा हुनेछ । २ चरणमा छायांकन हुने यो फिल्म अर्को वर्षको मध्यतिर प्रदर्शनमा आउने जानकारी प्राप्त छ ।

हाल बुद्धिसागर र निर्देशक रामबाबु पटकथामाथि छलफल गरिरहेका छन् । फिल्म हेर्न मरिहत्ते गर्ने युवकको कथामा फिल्म आधारित हुनेछ ।–फिल्मीखबरबाट

## सूचना/प्रविधि

# ५० प्रतिशत मोबाइल फोनमा तीनवटा क्यामरा

स्मार्टफोन कम्पनीहरूबीच बढीभन्दा बढी शक्तिशाली क्यामरा भएका स्मार्टफोन बनाउने प्रतिस्पर्धा चलिरहेको छ । यो मेगापिक्सेल युद्धमा स्मार्टफोनहरू अगाडि बढिरहेको वर्तमान समयमा काउन्टरप्वाइन्ट रिसर्चले एउटा नयाँ रिपोर्ट सावर्जिनक गरेको छ । जस अनुसार सन् २०२१ को अन्तिम सम्ममा विश्वभर प्रचलित स्मार्टफोनमध्ये करीब ५० प्रतिशत स्मार्टफोनमा तीन वा त्यसभन्दा धेरै क्यामरा हुनेछन् ।

यो वर्ष सन् २०१९ मै ओरिजिनल इक्विपमन्ट म्यानुफ्याक्चर्सहरू यसभन्दा एक कदम अघि बढ्दै ट्रिपल क्यामरा सेटअपको साथमा आएका छन् जो प्रयोगकर्ताको बीचमा निकै लोकप्रिय पनि बनिरहेका छन् । मार्च २०१८ मा विश्वस्तरमा बिक्रिमा रहेका मध्ये केवल ६ प्रतिशत स्मार्टफोनमा मात्र ३ वा त्यसभन्दा धेरै मूख्य क्यामरा रहेका थिए । सन् २०१९ को अन्त्यसम्ममा त्यो आँकडा १९ प्रतिशत पुग्ने रिपोर्टमा उल्लेख छ । जबकि सन् २०२० को अन्त्यसम्म तीन वा तीनभन्दा बढी मुख्य क्यामरा भएका स्मार्टफोनको बजार हिस्सा ३५ प्रतिशत हुने बताइएको छ ।

काउन्टर रिसर्चका एक वरिष्ठ अधिकारीका अनुसार डुअल क्यामरा जस्तै ट्रिपल क्यामरा फिचर पनि सुरूमा उच्च मूल्यका स्मार्टफोनमा मात्र उपलब्ध भयो । यद्यपि, सन् २०१८ को अन्त्य तथा सन् २०१९ को सुरूवातमा सुपथ मूल्यका स्मार्टफोनमा पनि ३ वा त्योभन्दा धेरै क्यामरा फिचर्स उपलब्ध गराउन थालियो ।

गत अप्रिल सम्ममा विश्व बजारमा लञ्च भएका ४० भन्दा धेरै स्मार्टफोनमा तीन वा त्यसभन्दा धेरै क्यामरा रहेका छन् । त्यसमध्ये अधिकांश हुवो र सामसुङका स्मार्टफोन रहेका छन् । हुवावेको मेट तथा पी सिरिज, सामसुङको ग्यालेक्सी ए सिरिज, नयाँ ग्यालेक्सी फ्लागशीपलगायतका स्मार्टफोन रहेका छन् । त्यस्तै, एप्पल, वनप्लसलगायतका कम्पनीका स्मार्टफोनमा पनि ट्रिपल क्यामरा सेटअप उपलब्ध भैस्केको छ ।

कतिपय स्मार्टफोन कम्पनीहरू सन् २०२० भित्रैमा १ सय मेगापिक्सेल क्षमताको क्यामरायुक्त स्मार्टफोन बजारमा ल्याउने तयारीमा छन् ।

एजेन्सीको सहयोगमा अनलाइनखबरबाट साभार

**यस साप्ताहिकमा**
**आफ्ना लेख, रचना तथा विभिन्न खोजमुलक सामाग्री प्रकाशन गर्नु परेमा सम्पर्क गर्नुहोस् ।**
**–सम्पादक**









## बिचित्र विश्व

# विद्यालय भर्ना भए १५ वटा भैँडा

युरोपेली मुलुक फ्रान्समा एउटा अनौठो घटना भएको छ । त्यहाँको एक प्राथमिक विद्यालयमा केही कक्षाहरू बन्द हुने कुरा चलिरहेको थियो । उक्त प्राथमिक विद्यालयमा २ सय ६१ जना विद्यार्थी छन् । विद्यार्थीको संख्या घटेसँगै अभिभावकहरूले 'किन विद्यालयमा विद्यार्थीको संख्या कम भयो ?' भनेर प्रश्न उठाउन थाले । अभिभावकहरूको उक्त गुनासोलाई ध्यानमा राख्दै विद्यालयले १५ वटा भैँडालाई स्कुलमा भर्ना गरेको छ ।

क्रेत्स अन बेलडोन सहरमा रहेको प्राथमिक विद्यालयको खबर हो यो । उक्त सहरको जनसंख्या जम्मा ४ हजार छ ।

विद्यार्थीको संख्या कम भएर कक्षाहरू नै घटनाउनुपर्ने अवस्था आएको बेला स्थानीय एकजना भेडा किसान उद्धारक बनेर देखा परे । उनले स्कुललाई आफ्ना १५ वटा भेडा दिन प्रदान गरे ।

भेडालाई स्कुलमा भर्ना गरेसँगै भेडाको जन्मदर्ता प्रमाणपत्र पनि पेश गरिएको छ ।

गेल लावेल नामका एक अभिभावकले यसरी स्कुलमा भेडा भर्ना गर्ने आइडिया फुराएका थिए । उक्त स्कुलमा हाल ११ कक्षा छन् । कक्षालाई घटाएर १० बनाइएपछि उनले विरोध गरेका थिए । एउटा कक्षा घटाउँदा हरेक कक्षामा विद्यार्थीको चाप बढ्ने र विद्यार्थीको पढाइमा असर पुग्ने दाबी उनले गरे । त्यसपछि उनले कूल विद्यार्थी संख्या बढाउनका लागि भेडालाई स्कुलमा भर्ना गर्ने प्रस्ताव गरे । जसका कारण कक्षाको संख्या घटाउनु नपरोस् र कक्षामा विद्यार्थीको अनुपात नबिग्रियोस् ।

उनको प्रस्तावलाई सहरका मेयर ज्याँ लुई मेरेले पनि स्विकार गरे । मेयरका बच्चाहरूले पनि सोही स्कुलमा पढ्ने गर्दछन् । स्कुलमा भेडाहरू समेत आउन थालेपछि विद्यार्थीहरू समेत रमाउन थालेका छन् ।–अनलाइनखबरबाट साभार

लेदोसहित सेफ्टी ट्याङ्की सफाइ गर्नु परेमा
भरतपुर : ९८५५०५२८२२
भरतपुर : ९८५५०६४६८६
टाँडी : ९८४५१११८२२
पर्सा : ९८५५०५७९२६
कावासोती : ९८४५१७७४२७




## स्वास्थ्य

# के बर्ड फ्लु भाइरस मानिसदेखि मानिसमा फैलिएला ?

> 'एच फाइब एन वान' भाइरसले मानवीय क्षति पुऱ्याइसकेको हुनाले फेरि कुनै पनि समयमा देखा नपर्ला भन्न सकिंदैन। यो संक्रमणको मृत्युदर अति उच्च भएकोले यसले प्रकोपको रुप लिए सहजै नियन्त्रण गर्न सजिलो हुने छैन।



डा शेरबहादुर पुन

बर्ड फ्लु भाइरस मानिसमा फैलिएला ? यो प्रश्न आफैंमा भविष्यसँग सम्बन्धित भए पनि वर्तमान अवस्थालाई आधार मानेर सम्भावनाका अनुमानहरू भने गर्न सकिन्छ । र, यसैको आधारमा योजनाहरू पनि बनाउनुपर्ने हुन सक्छ ।

केही हप्ता अगाडि २१ वर्षीय युवाको मृत्यु बर्ड फ्लु अर्थात् 'एच फाइब एन वान' भाइरसको कारणले भएको स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको थियो । जुन सबैको लागि अस्वभाविक, अचम्मित तर आतंकित पार्ने घटना थियो ।

यसको प्रत्यक्ष असर कुखुरा व्यापारमा परेको देखिन्छ । 'एच फाइब एन वान' भाइरस सन् २००९ देखि नेपालमा पक्षीहरूमा देखापर्दै आए तापनि मानिसमा संक्रमण भई मृत्यु भएको नेपालको लागि यो नै पहिलो घटना थियो । यसले तातो बहस तर केही गम्भीर प्रश्नहरू खडा गरिदिएको छ, र यो आवश्यक पनि छ ।

के अब बर्ड फ्लु 'एच फाइब एन वान' भाइरसले मानिसमा प्रकोपको रूप लेला? यस्तो अवस्थामा हामी कति तयारी अवस्थामा छौं? के अरू बर्ड फ्लुका भाइरसहरू नेपालमा छन् ? बर्ड फ्लुले प्रकोपको रूप लिएमा स्वास्थ्य क्षेत्रमा कस्तो असर पर्ला ?

बर्ड फ्लु 'एच फाइब एन वान' भाइरसले सन् १९९७ मा पहिलो पटक मानिसलाई संक्रमण गरेको वा मृत्यु गराएको थियो । तत्पश्चात् हालसम्म यो भाइरसको कारणले सयौं मानिसको मृत्यु भइसकेको छ । यसबाट पक्षीबाट मानिसमा पनि सर्नसक्छ वा सरेको अनुमान गर्न सकिन्छ । मानिसबाट मानिसमा भने सजिलै सर्ने गरेको ठोस प्रमाण त छैन, तर विश्व स्वस्थ्य संगठनमा संग्रहित संक्रमितहरूको इतिहास राम्ररी नियालेर हेर्ने हो भने सम्भावनाका कुरा नकारेको पनि पाइँदैन ।

दुई महिना अगाडि यो पंक्तिकारले एउटा लेख प्रकाशित गरेको थियो, जसमा एकै घरका केही सदस्यमा उनीहरूले पालेको कुखुरामा रूघा खोकीका लक्षणसहित हरेक दिन सयौंको संख्यामा मर्न थालेपछि फ्लु जस्तो लक्षणहरू देखा परेका वर्णन गरेको थियो । उनीहरूको रोगको इतिहास हेर्दा पहिला बुहारी बिरामी भएको र सो बुहारीको हेरचाह गर्न सासु जाँदा उसमा पनि फ्लुको जस्तो लक्षण विकसित भएको र उपचारको लागि यो पंक्तिकारकोमा आइपुगेका थिए ।

यसलाई गहिरिएर विश्लेक्षण गर्ने हो भने बुहारीबाट सासुलाई सरेको देखिन्छ अर्थात् मानिसबाट मानिसमा सरेको जस्तो देखिन्छ । यसको प्रयोगशाला निदान गर्न नसकेता वा सम्भव नदेखिए तापनि दैनिक सयौंको संख्यामा कुखुरा मर्नु र सँगसँगै उनीहरूमा फ्लु जस्तो लक्षणहरू देखिनु संयोग मात्र थियो भनेर भन्ने आधार पनि देखिंदैन ।

अर्को शब्दमा भन्नुपर्दा कुखुराबाट संक्रमण मानिसमा र सो संक्रमण मानिसबाट मानिसमा सरेको जस्तो देखिन्छ । हालै स्वास्थ मन्त्रालयले सार्वजनिक गरेको बर्ड फ्लु केसले पनि यो पंक्तिकारको आशंकालाई अरू बढावा दिएको देखिन्छ ।

केही दिनअघि मात्र काठमाडौंको स्वयम्भूमा आफैंले पालेका कुखुराहरूको अचानक मृत्यु भएको र तत्पश्चात कुखुरा पाल्ने कृषक आफैंलाई पनि अचानक उच्च ज्वरो आउने, खोकी लाग्ने, श्वास फेर्न गाह्रो हुने र छातीमा निमोनिया देखिन थालेपछि अस्पताल आइपुगेका थिए । उसलाई तुरून्त ओसेलटामिभिर औषधि (फ्लुमा दिने एन्टिभाइरल औषधि) दिएपछि विस्तारै सुधारोउन्मुख हुँदै आएको देखिन्छ । यसमा पनि बर्ड फ्लु भाइरसको संक्रमणलाई सिधै नकार्न सकिंदैन यद्यपि भाइरस निश्चित हो भन्न प्रयोगशाला निदानको आवश्यकता पर्छ ।

सरसर्ती यी माथिका सबै घटनाक्रमलाई नियाल्ने हो भने नेपालमा बर्ड फ्लु भाइरस पक्षीबाट मानिसमा सर्दैन भनेर ढुक्क हुने अवस्था भने देखिंदैन । हामी बर्ड फ्लु भाइरस फैलिइसकेको अवस्थामा भए पहिचान, उचार र नियन्त्रणको लागि पूर्ण तयारी अवस्थामा पनि छैनौं । किनभने यस्तो अवस्थाको घटनाको परिकल्पना योभन्दा पहिले कहिल्यै गरेका थिएनौं ।

अब भने विस्तृत योजनाका साथसाथै आवश्यक पूर्वाधारहरूको विकास गरी सोअनुरूप जनशक्ति पनि तयार गर्नुपर्ने देखिन्छ । यसमा 'वान हेल्थ' को अवधारणा अगाडि सर्न सकिन्छ, जसमा चिकित्सक वा नीति–निर्माता बाहेक पशु चिकित्सक, वातावरण विज्ञ आदिको सामूहिक कार्यको परिकल्पना गरिएको हुन्छ ।

छिमेकी देश चीनमा सन् २०१३ देखि नै बर्ड फ्लुको अर्को भाइरस 'एच सेभेन एन नाइन' देखापर्दै आइरहेको र सो संक्रमणबाट बर्सेनी मानिसको मृत्यु पनि बढ्दै गएको चिनियाँ स्वास्थ मन्त्रालयको तथ्यांकले देखाउँछ । नेपालमा यसको अवस्था अज्ञात नै भए तापनि केही वर्षयता नेपालीको बढ्दो नेपाल(चीन आवतजावतले यो भाइरसको पनि जोखिम बढाएको देखिन्छ । यसको पनि अनुसन्धान गर्न जरूरी भइसकेको छ ।

त्यस्तै सन् २०१७ मा पहिलो पटक 'एच फाइब एन एइट' भाइरस पनि नेपालमा भित्रिसकेको छ । अर्थात् नेपालमा बर्डफ्लु 'एच फाइब एन वान' भाइरसबाट मात्र जोखिम नभई नेपाल भित्रिसकेका अरू विभिन्न बर्ड फ्लुका भाइरसको जोखिम पनि उत्तिकै देखिन्छन् । तसर्थ बर्ड फ्लु प्रकोपको अवस्थामा विशेष गरेर पक्षीपालक, पक्षी ओसारपसार गर्ने, पक्षी बेच्ने, पक्षी बजारमा गइराख्ने र पक्षी वध गर्नेहरूले सतर्कता अपनाउनुपर्छ र लक्षणहरू देखिएमा तुरून्त चिकित्सकको सल्लाह लिनुपर्छ ।

बर्ड फ्लु भाइरस आजको मितिसम्म मानिसबाट मानिसमा सजिलै सरेको ठोस आधार त देखिंदैन, तर आगामी दिनहरूमा त्यस्तो नहोला भनेर ढुक्क हुने अवस्था पनि देखिंदैन । वैज्ञानिकहरू बर्ड फ्लु भाइरसले कुनै दिन मानिसबाट मानिस सजिलै सर्न सक्नेगरी आफूलाई विकसित गर्न सक्नेमा चिन्तित भएको पाइन्छ ।

यसको ज्वलन्त उदाहरण भनेको कुनै समय सुँगुरमा मात्र देखिने 'एच वान एन वान पिडिएम ०९' अर्थात् स्वाइन भनेर चिनिने भाइरस हो, जुन हाल आएर हरेक सिजनमा मानिसबाट मानिसमा सजिलै सर्ने गरेको छ ।

हुन त बर्ड फ्लु भाइरसहरूबिरूद्ध विश्व नै लागिपरेको छ, तर नेपालले अरूलाई पर्खेर हेर्नुभन्दा पनि आफूसँग भएका स्रोत साधनको आधारमा विशेष योजनाहरू बनाउनु अति आवश्यक छ । किनभने बर्ड फ्लु 'एच फाइब एन वान' भाइरसले मानवीय क्षति पुर्याफइसकेको हुनाले फेरि कुनै पनि समयमा देखा नपर्ला भन्न सकिंदैन ।

यो संक्रमणको मृत्युदर अति उच्च (कम्तीमा पनि साठी प्रतिशत) भएको र मानिसमा यसले प्रकोपको रूप लिए सहजै नियन्त्रण गर्न सजिलो हुने छैन ।

( डा पुन शुक्रराज ट्रोपिकल तथा सरूवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन् )–स्वास्थ्य खबरबाट



# बन्दनाको प्रार्थना

महिलालाई विकासको मूलप्रवाहमा ल्याउन र महिलाको चौतर्फी विकासको लागि सशक्तिकरणलाई पनि सँगै अगाडि बढाउनु पर्दछरू। नेपालमा भएका विद्यमान कानुनी व्यवस्थाले खास गरिकन महिलाका अधिकार, अवसर र पहूँचमा सशक्तिकरण गरिनु पर्दछरू। यसले महिलाको अधिकारको उपयोग गर्न सक्ने बनाउँछ भने, उनीहरुको आवश्यकताको सम्बोधन गर्ने र आत्मविश्वास बढाउन पनि सहयोग गर्दछरू। यही उदेश्यका साथ सधैं महिलाको सशक्तिकरण मा लागि परेकी एक अभियान्ता हुन् बन्दना खाड। सकारात्मक सोच, केही गरौ भन्ने भावना, सहकार्य गर्न सक्ने खुबी र नेतृत्व गर्न सक्ने शैलीकै कारण उनी जाहा गईन, त्यसैलाई नेतृत्व गरेर अगाडी बढीन्।

वि स २०२८ साल जेठ १३ गते बुबा खडकबहादुर खाडँ र आमा शोभा खाडको कोखबाट जन्म भएको हो बन्दना खाडँको। सामान्य तरिकाले नवलपरासिको सुखौलीमा उनको बाल्यकाल बित्यो। पढाईमा अब्बल उनी सधैं प्रथम भईन। स्कुलमा आफैले बोरा लगेर ओछ्याएर उनले बाल्यकालको शिक्षा लिईन। त्यसो त समाजसेवी र सकारात्मक सोचकी धनी आमाको प्रेरणाले पढाईमा सधैं अगाडी बढ्न प्रोत्साहन मिल्थ्यो। एसएलसी पछी थप आईएसी, विएसी, एमएसी ईन्भारोमेन्ट म्यानेजमेन्टमा गरिन भने केही समय अगाडी मात्रै रूलर डेभलप्मेन्टमा एम ए गरेकी छन्।

शुक्लाफाटा बन्यजन्तु आरक्षणमा पहिलो पटक फरेष्ट्री अफिसरको रूपमा जागिर खाईन। तर त्यसकामलाई उनले लामो सयम निरनतरता दिन सकिनन्। पाँच महिनाको सुत्केरी। सानो छोरीलाई जंगलमा लिएर हिड्दा किर्ना लाग्ने र ज्वरो आउने भएपछी पाँच महिनामा नै उनले त्यो काम छाडीन्। तर सधै केही गरौ भन्ने सोचाई। खाली बस्ने नसक्ने उनले फेरी सुरू गरिन सिन्धुपाल्चोकमा युनडिपीको ईन्भारोमेन्टर अफिसर भएर। डेढ वर्ष त्यहाँ काम गरेपछी उनले एम एसि गरीन।

सधै केही गरौ भन्ने भावना र पढाई विना केही पनि गर्न सकिदैन भन्ने सोच उनमा थियो जसले गर्दा उनी काम संगसंगै अध्ययनलाई पनि अगाडी बढाउदै गईन।

कामकै शिलसिलामा उनले पोखरामा युएमएनको कार्यक्रम संयोजक र ततकालिन जिल्ला बिकास समिति चितवनमा युनडिपीबाट एडभाईजर भएर काम गरिन। विभिन्न गैरसरकारी निकायमा काम गरेको अनुभव अनगिन्ती छन्।

कामले परिपक उनी कियर नेपालको परियोजना प्रमुख भएर साढे चार वर्षसम्म काम गरिन। त्यो बिचमा उनले लैडिक समानता र महिलाहरूलाई कसरी स्वालम्बी बनाउन सकिन्छ भनेर कार्यक्रम ल्याईन। जसको फलस्वरूप केही बोल्न नसक्ने चितवनको माडी, मेघौली, नवलपारसी र कपिलवस्तुका महिलाहरू अहिले आफ्नै खुट्टामा उभिन सक्ने भएका छन्।


व्यक्ति/व्यक्तित्व-शान्ता अधिकारी

पछाडी पारिएका महिलाहरूको दुख कष्ठलाई राम्रोसंग देखेकी र भोगेकी उनलाई आफ्नो दुई छोरी श्रीमान र घरपरीवारको भन्दा पनि सधै महिलाहरूलाई कसरी शसक्तीकरण गर्ने भन्ने भयो।

जीवन रफतारमा अगाडी बढीरहेको थियो। कुनै कुराको कमी थिएन। भने आफ्नो र परिवराको लागि पनि समय मिलाउन पर्ने अवस्था थियो। यही बिचमा २०७२ साल भदौको तिज नजिकीदै थियो। समय समयमा दाह्निे छाति चर्किने हुन्थ्यो तर समय नमिलेर उनले डाक्रलाई देखाउन पाएकी थिईनन्। तर एकदिन एक्कासी छाती चस्किएर दुखेझैं महसुस भयो। दुखाई बढ्दै गयो। दुखाई सुरू भएको त्यस्तै १५ दिन जति भएको थियो, नुहाउँदा स्तन छामँ। दाहिने स्तनको मुन्टोको माथिपट्टी डल्लो जस्तो महशुस भयो।

मनमा चिसो पस्यो। एकाएक डर पलायो। तुरून्तै चेकअपक लागि भरतपूर अस्पताल गएँ। चेकअपका क्रममा थाहा भयो, स्तनमा क्यान्सर भइसकेको रहेछ। म छांगाबाट खसेजस्तै भएँ। तर, सँगसँगै अर्को खुसीको कुरा पनि सुन्न पाइयो कि क्यान्सर धेरै फैलिन पाएको रहनेछ। धन्न... मनमनै भनेँ।

डाक्टरले भने, 'पहिलो स्टेजको क्यान्सर हो, आत्तिनु पर्दैन। घरमा आएर मैले नेटमा आफ्नो रोगको बारेमा धेरै सोधखोज गरेर हेरेँ। सुरूमा थाहा पाउँदा नराम्रो लागेको थियो तर मैले तनाव लिइनँ।

उनले क्यान्सर भएको थाहा पाए पनि आफ्नो कामलाई सधैं निरनतरता दिई रहीन्।

सकेसम्म धेरैभन्दा धेरैलाई भेट्ने र व्यस्त हुने गर्न थालिन जस्ले गर्दा मनमा अनेक कुरा नआओस। सामान्य दैनिक काम गर्थे पहिलाको जस्तै। बिपी मेमोरियल क्यान्सर अस्पताल भतपुरमा उनले उपचार गराईन। उनले चिनेका धेरै डाक्टरहरू त्यहा थिए। तर उनले कहील्यै पनि चिनजानाको दुरूपयोग गरिनन्। उल्टै आफु लाईनमा बस्दा टाठा बाट आएका बिरामीहरूलाई सहयोग गर्न थालिन। त्यस बिचमा उनले क्यान्सर त्यसमा पनि स्तन र पाठेघर क्यानसर महिलाका पिडा राम्रोसंग बुझ्न पाईन। उनीहरूका कुरा सुनेर म आफु भाग्यमानी रहेछु जस्तो लाग्थ्यो।

कारण उनीहरू विभिन्न समस्याबाट गुज्रिरहेका थिए। उनीहरूसंग औषधी खाने पैसा छैन कसरी आफ्नो खानकीको मात्रा मिलाउलान भनेर चिन्तीत हुन्थे।

म आफू बिरामी भए पनि कसरी उनीहरूलाई सहयोग गर्न सक्छु भन्ने मनमा लाग्यो। मैले मनोसामाजिक सहयोगको भावनाले क्यान्सर रोकथाम अभियान थालनी गर्ने भित्रदेखि नै आवश्यकता महसुस गरें। मेरो उपचार सफल भयो। मैंले क्यान्सरमाथि विजय हासिल गरें। यो रोगमाथि मैले त विजयी हासिल गरें। तर, धेरैले समयमा रोगका बारेमा जानकारी नपाउँदा ज्यान गुमाइरहेको खबर उपचारका क्रममा मैले पाएको थिए।

त्यसकारण म जस्तै धेरै महिलाहरूले पनि समयमा नै रोग पहिचान गरेर यो रोगमाथि विजय हासिल गर्न सक्छन् भनेर सचेतना अभियानमा लागें। मैले २०७३ मा महिलाहरूको महान पर्व तिजको अवसरमा क्यान्सर रोकथाम अभियानको शुरूवात गरें।

स्तन तथा पाठेघर क्यान्सर सम्बन्धि जानकारी नभएर, संकोच मानेर, डराएर अकालमा ज्यान जानबाट बचाउनु, क्यान्सर हुनै नदिने रोकथामका सचेतना फैलाउनु, भइ हालेपनि बिरामीलाई क्यान्सर पनि अन्य रोग सरह नै हो भन्ने दृढ मनोबलका साथ आवश्यक उपचार गर्न प्रोत्साहन दिनु, मनोसामाजिक सहयोग गर्नु नै क्यान्सर जितेपछिको मेरो नयाँ जिवनको लक्ष्य रहेको छ। पहिला आफ्ना लागि मात्र बाँचे जस्तो लाग्थ्यो, अहिले केहि गर्न अरूको लागि पनि बाँचेकी छु जस्तो लाग्छ।

क्यान्सर रोकथाम अभियान अन्तर्गत स्थानीय स्तरमा सचेतनामूलक अन्तरक्रिया कार्यक्रम तथा तालिम, ग्रामीण भेगमा केन्द्रित रही महिला स्वास्थ्य शिविर परिक्षण तथा क्यान्सर परीक्षण शिविर, स्तन तथा पाठेघर क्यान्सर बिरामीहरूसँग अन्तरक्रिया सहित मनोसामाजिक सहयोग, बिद्यालयमा सचेतना, नेपाल सरकारको स्वास्थ्य सेवा सुबिधा, नितीगत जानकारी, सञ्चारकर्मीहरूसँगको छलफल, विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय दिवसका अवसरमा सचेतनामूलक ऱ्याली, गोष्ठि आदिमा उनको सक्रियता बढेको छ।

हामीले क्यान्सर रोकथाम अभियानका लागि एउटा कोषको स्थापना गरेका छौ। जसमा परिवार, साथीहरू, आफन्तहरूले सहयोग गरिरहनु भएको छ भने विभिन्न क्लब एवं सरोकार राख्ने संस्थाहरूसँग पनि सहकार्य हुने गरेको छ। अभियानका लागि बजेट अपुग छ। दुर्गम क्षेत्रको माग र आवश्कता अनुसारको कार्यक्रम गर्न सकेका छैनौँ। यसको प्रभावकारीताको लागी स्थानिय सरकार, सरकारी निकाय, अस्पताल, सम्बन्धित सरोकारवालाहरूबिच अझ समन्वय र सहकार्यको खाँचो रहेको छ।

निराश महिला बिरामीहरूलाई घर देखि बेडमै गएर आत्मबल बढाउने, बिरामी लगायत परिवारलाई मनोसामाजिक सहयोग गर्ने, ग्रामिण भेगका महिलाहरूलाई अस्पतालमै गएर लाईनमा बसेर सम्बन्धित डाक्टरहरूसँगको उपचारमा सहयोग गर्ने, उपचारका क्रममा घर फर्किने गाडी भाडा समेत नरहेका बिरामीलाई सम्बन्धित ब्यक्ति सस्थाहरूसँगको समन्वयमा आर्थिक सहयोग जुटाउने कार्यमा उनको दैनिकी वित्ने गरेको छ।

यो दैनिकी मैले अन्य जिम्मेवारीका साथ आफनो समय मिलाएर स्वयम्सेवकको रूपमा गरिरहेको छु जसमा मलाई आत्मसन्तुष्टी मिल्ने गर्दछ।

स्तन क्यान्सरको प्रभावकारी उपचार एवम् रोकथामका लागी सम्भावित जोखिमलाई समयमै गर्नु सबैभन्दा बुझ्नु तथा शुरूवाती चरणमा नै स्तन क्यान्सरको पहिचान भई आवश्यक उपचार भएमा पूर्ण रूपमा निको हुन सक्छ भन्ने उदारणीय पात्र हुन उनी। कोही कसैले पनि क्यान्सर लागेकै कारण उपचार अभावमा मर्न नपरोस उनको यहा प्राथना छ।

उनीहरूको अनुहारमा गजबको चमक देखिन्छ। साँच्चै लडाँई जितेर आएको वीर योद्धा जस्तो।

उनीहरूको हाउभाउ, स्वस्थ र जोशिलो शरीर, दृढ आत्मविश्वास, उज्यालो अनुहार देख्दा कसैले पनि उनीहरूलाई यसअघि क्यान्सर रोग लागेको थियो भनेर विश्वासै गर्न सक्दैन।

# श्रम शोषणबाट पत्रकार पीडित

अग्रता सम्वाददाता

भरतपुर। नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं बरिष्ठ पत्रकार किशोर नेपालले श्रम षोषणको विषयमा रहेर कलम चलाउने पत्रकार नै आफै शोसित हुदा पनि अगाडि आउन नसक्नु दुखत कुरा रहेको बताएका छन्।

२० औं स्थापना दिवसको अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनले गरेको संवैधानिक व्यवस्था र मिडियामा समावेशी अवस्था विषयक अन्तरक्रिया वधाई एवं सम्मान कार्यक्रमा नेपालले आफु सोषणमा परेको कुरा राख्न नसक्दा धेरै पत्रकार विदेश पलायन हुनु परेको बताएका हुन्।

प्रमुख अतिथि समेत रहनु भएको पूर्व अध्यक्ष नेपालले पत्रकारीता मर्यादीत हुन जरूरी रहेकोमा जोड दिदै समाजको देशको अधिकारको लागि लडने मानिस आफ्नो अधिकारको लागि पनि लडन जरूरी रहेको उपस्थित पत्रकारमा ध्यानाआकर्षण गराएका थिए।

सोहि कार्यक्रममा न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले केन्द्रमा रहेका पत्रकारहरूका लागि न्युनतम तलब २४ हजार ३ सय ७५ र स्थानिय संचारमाध्यममा काम गर्ने पत्रकारलाई सुरूवाती चरणमै १७ हजार रहेको र काम अनुसार तलब बढाउदै जानुपर्ने व्यवस्था रहेको बताए। देशको चौंथो अंगको रूपमा रहेको पत्रकारीता क्षेत्रमा नै सम्बन्धीत निकायले नै श्रमसोषण गर्नु कमाउनका लागि विदेश जान बाध्य बनाउनु नेपाल देशकै लागि गम्भिर समस्या रहेको पराजुलीले बताए।

यस्तै नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष राध्यश्याम खतिवडाले महासंघको सदस्यता पाउनका लागि जतिपनि न्युक्ति पत्र महासंघमा परेका छन्। सबैमा न्युनतम तलब दिईएको प्रमाण पेस भएको जानकारी दिदै जालि न्युक्तिपत्र बनाउने र ल्याउने दुबै दोसि रहेको बताएका छन्।

स्थापना दिवसको अवसरमा फोनिज चितवनले ३ जना पत्रकारलाई सम्मान गरेको छ। विगत १९ वर्ष देखि पत्रकारीतामा आवद्ध नेपाल टेलिभिजनका समाचार सम्पादक नेपाल आदिवासी जनजाती पत्रकार महासंघ (फोनिज) का बरिष्ठ उपाध्यक्ष गजुरधन राई, कान्तिपुर दैनिकमा दुईदशक देखि पत्रकारीतामा आवद्ध रमेश कुमार पौडेल, ६ वर्ष देखि कालिका एफएममा कार्यरत पत्रकार सविता दराईलाई सम्मान गरिएको हो।

यस्तै नेवा पत्रकार राष्ट्रिय दबू चितवनको पहिलो अधिवेसनमा अध्यक्षमा चयन भएका कमलमान श्रेष्ठका कार्यसमिति र थारू पत्रकार चितवनको अध्यक्षमा चयन सुमित्रा महतो लगायतका कार्यसमितिलाई समेत सम्मान गरिएको थियो। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनका अध्यक्ष सन्दीपकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा देवघाट गाउँपालिकाका अध्क्ष दुर्गाबहादुर थापामगर, नेपाल आदिवासी जनजाति महासंघ चितवनका सचिव महेन्द्र दुरा, नेपाल प्रेस युनियनका केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सृजना अर्याल, अर्का केन्द्रीय सदस्य कृष्ण गिरी, फोनिजका केन्द्रीय सदस्य राजु चौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

# मुस्लिम समुदायले बकरइद मनाए

अग्रता सम्वाददाता

भरतपुर। मुस्लिम धर्मालम्बीहरूले सोमबार धुमधामका साथ बकरिद अर्थात् इदजोहा पर्व उल्लासमय वातावरणमा मनाएका छन्। सो धर्मालम्बीहरूले इदपछिको ठूलो पर्व बकरिदमा कुवानी गर्ने अर्थात् बलिदानीको पर्वका रूपमा मनाउने गर्छन्। यस पर्वको उपलक्ष्यमा प्रदेश २ र प्रदेश ५ सरकारले सार्वजनिक विदा दिएको छ।

यस अवसरमा कतिपयले आफ्नो सबैभन्दा ठूलो धार्मिकस्थल साउदी अरबको मक्का र मदिनामा गरेर यो पर्व मनाउने गर्छन्। जसलाई हज भनिन्छ। यो पर्व तराईको चितवन, मोरङ, सुनसरी, झापा, सप्तरी र सिरहालगायतका जिल्लामा बिहानैदेखि धुमधामका साथ मनाइएको छ।

इदुलफित्रको ठीक ७० औँ दिनमा मनाइने गरिएको यस पर्वमा मुसलमानले पूर्णरूपले चोखो भएर इदगाह वा मस्जिदमा गएर नवाज पढ्ने गर्छन्। त्यसपछि, एकापसमा आलिंगन गरेर भातृत्वको सन्देश प्रवाह गर्छन्। सो अवसरमा भरतपुरका विभिन्न मस्जिद र इदगाहहरूमा बिहानैदेखि नवाज पढेर एकापसमा शुभकामना आदानप्रदान गरेका छन्। यस पर्वको मुख्य उद्धेश्य कुरवानी भएकाले खसी, भैँसी र बाँझो पाठीलाई बलिदानी दिने गर्छन्।

मुस्लिम धर्मग्रन्थअनुसार, अल्लाहका इब्राहिम अलि सलामले ८० वर्षको उमेरमा आफ्नी पत्नी हाजराको गर्भबाट जन्मिएको छोरा इस्माइल अलि सलामलाई अल्लाहको आदेशमा कुरवानी दिन गएका थिए। तर, अल्लाहले इब्राहिम अलि सलामको यो कदमबाट निकै प्रसन्न भएर उनको कुरवानी स्वीकार गरी छोरा इस्माइलको ठाउँमा भैँडाको कुरवानी लिएको थियो। सोही दिनदेखि इब्राहिमको सम्झनास्वरूप यो पर्व मनाउन थालिएको हो। यस पर्वमा कुरवानी दिएको जनावरको मासुको तीन भाग लगाइन्छ। एक भाग आफ्ना लागि, एक भाग इष्टमित्र र एक भाग गरिब दीनदुःखीबीच बाँड्नुपर्ने नियम रहेको छ। यो पर्व तीन दिन मनाइने गरिन्छ।

# शिक्षाको गुणस्तर सुधार्न प्रयास

अग्रता सम्वाददाता

भरतपुर। चितवनको शैक्षिक गुणस्तर सुधारको लागि जिल्लाका सात स्थानीय तह एकजुट भएका छन्।

रत्ननगर नगरपालिकाले आयोजना गरेको शिक्षाको व्यवहारिक तथा कानुनी पक्षमा देखिएका चुनौति र सामधान विषयक अन्तक्रिया कार्यक्रम पछि सात स्थानीय तहले शिक्षाको सुधारको लागि एकजुट हुने निर्णय गरेका हुन।

शिक्षाको गुणस्तर सुधार गरी सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न १९ बुँदे सौराहा घोषणा पत्र जारी गरेका छन्।

जिल्लाको शिक्षाको विकासको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपाल सरकारले गरेको कार्य विस्तृतीकरण २०७३ का आधारमा शिक्षा नीति र सोका आधारमा शिक्षा ऐन, नियमावली र कार्यविधि निर्माण गर्ने सहमति भएको रत्ननगर नगरपालिकाका मेयर नारायण वनले जानकारी दिए।

सौराहा घोषणापत्र तथा प्रतिबद्धता पत्रमा सात वटै स्थानीय तहले आफ्नो पालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत तथा धार्मिक प्रकृतिका विद्यालयको विद्यालयगत अभिलेख ( अनुमति, स्वीकृति, दरबन्दी संख्या) व्यवस्थित गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र सहयोगी कर्मचारीको व्यक्तिगत अभिलेख तयार गर्ने सहमति भएको मेयर वनले जानकारी दिए।

घोषणापत्रमा करारमा शिक्षक, कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र सहयोगी कर्मचारी नियुक्तिको अनुमति प्रदान गरी अभिलेख राख्ने, स्थानीय शिक्षा ऐन र नियमावलीका आधारमा आफ्नो पालिका भित्र र अन्तर स्थानीय तहतथा अन्तर जिल्लाशिक्षक सरूवा गर्ने र सोको जानकारी सम्बन्धित निकायमा पठाउने, विभिन्न स्रोतबाट गाउँरनगर शिक्षा कोषमा रकम जम्मा गरी शैक्षिक गुणस्तर र समतामूलक पहुँचका लागि कोष व्यवस्थापनको कार्यविधि निर्माण गरी खर्च गर्ने उल्लेख छ।

सिनर्जी एफ. एम. ९१.६
Synergy 91.6 MHz चितवनको आवाज
बहान सबेरै पौने ६ बजे,
सिनर्जी डायरी
पत्रपत्रिकामा छापिएका देश विदेशका ताजा खबर
साथमा, विचार एवम् विश्लेषण
सिनर्जी डायरी
सुन्न नविर्सनुहोला
लोकप्रिय रेडियो सिनर्जी एफ. एम. ९१.६ मेगाहर्जमा

...connected to your community
MediaCraft Nepal
Bharatpur, Chitwan
Cell: 9855051898/9845364165
Our Services:
TV Programmes, Documentary, Docu-drama, Films, Music Videos, Visual Add, Marriage Ceremony, Personal Profile, Institutional Profile & All Kinds of Video Works.
Note: Documents Translate English to Nepali, Nepali to English